# कृष्णपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

कृष्णपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय गुलरिया, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:-२०८२/८३
च.नं. :-

ईमेल:krishnapuredudepart@gmail.com
वेब साईट: krishnapurmun.gov.np


## करार सेवामा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८३।०१।२३)

कृष्णपुर नगरपालिकाको शैक्षणिक स्रोत व्यक्ति छनोट तथा परिचालन कार्यविधि, २०८२ बमोजिम विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न **शैक्षणिक श्रोत व्यक्ति** (Pedagogical Resource Person) सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिकाको राजस्व शाखामा राजस्व रकम रु १०००। बुझाएको भौचर सहित तपसिल बमोजिमका कागजातहरु संलग्न गरी नगर कार्यपालिकाको कार्यालयमा आवेदन दर्ता गर्न हुन वा शिक्षा, युवा तथा खेलकुद शाखाको इमेल ठेगाना krishnapuredudepart@gmail.com मा आवेदन दिन हुन यो सूचना प्रकाशन गरिएको छ ।

२०८३।१।२३
खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

१. पदपूर्ती विवरणः

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|
| ०१-२०८२।०८३ | शैक्षणिक श्रोत व्यक्ति | १ | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तिमा १० वर्ष विद्यालय। क्याम्पसको शिक्षण वा शिक्षा कार्यक्रमसंग आवद्ध प्रशिक्षणको अनुभव प्राप्त |

२. शिक्षाशास्त्र संकायमा मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता प्रदान गरिनेछ ।

३. आवश्यक कागजातहरुः

क) बैयक्तिक विवरण

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

घ) अनुभवको प्रमाणपत्रको प्रतिलिपि

४. दरखास्त फारम, शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८२ तथा शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका तथा कार्यविवरण कृष्णपुर नगरपालिकाको वेबसाइट www.krishnapurmun.gov.np मा हेर्न सकिनेछ ।

५. परीक्षाको किसिम छोटो सूची प्रकाशन लिखित तथा मौखिक हुनेछ ।

६. दुई पांग्रे सवारी साधनको लाइसेन्स पास व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

# कृष्णपुर नगरपालिका, कञ्चनपुर

## शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८२

स्वीकृत मिति: २०८२।१२।२०

## १. प्रस्तावना

नेपाल सरकारको शिक्षा नीति २०७६ को रणनीति न ९.२०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता कार्यविधि २०८०, शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि २०८०, शिक्षक पेसागत विकास प्रारूप २०८०, तथा स्थानीय सरकार संचालन ऐन २०७४ को १०२ को २ बमोजिम कृष्णपुर नगर पालिका भित्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता तथा सक्षमता अभिवृद्धि गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन गर्न यो कार्यविधि तयार गरिएको हो ।

यस कार्यविधि मार्फत विद्यालयलाई सिकाइको केन्द्रको रूपमा विकास गर्दै शिक्षकको पेसागत विकास, पेशागत उत्तरदायित्व तथा विद्यार्थीहको सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याइनेछ। यसले विद्यालय सुधार प्रक्रियालाई संस्थागत र दिगो बनाउने लक्ष्य लिएको छ।

## २. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम " **शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि** २०८२" रहनेछ। यो कार्यविधि कृष्णपुर नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागू हुनेछ।

२. कार्यविधि भन्नाले '**शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि २०८२** बुझिन्छ ।

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा: "शैक्षणिक श्रोत व्यक्ति " भन्नाले शिक्षकको कक्षा अवलोकन गरी विद्यालयमा समाबेसी , गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षक लाई पेशागत सहयोग गर्ने व्यक्ति भन्ने बुझिन्छ।

४. "पालिका" भन्नाले कृष्णपुर नगरपालिका बुझिन्छ।

५. कार्यपालिका भन्नाले कृष्णपुर नगरपालिकाको कार्यपालिका बुझिन्छ ।

६. "विद्यालय" भन्नाले कृष्णपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिन्छ ।

७. शैक्षणिक स्रोत व्यक्ति भन्नाले यस कार्यविधि को परिच्छेद ५ बमोजिम नियुक्त भएको व्यक्तिलाई बुझाउदछ ।

## ३. शैक्षणिक स्रोत व्यक्ति परिचालनको लक्ष्य तथा उद्देश्य

कृष्णपुर नगरपालिकाभित्रका विद्यालयहरूमा गुणस्तरीय, समावेशी र प्रभावकारी शिक्षण–सिकाइ प्रक्रिया प्रवर्द्धन गर्न शिक्षकहरूलाई नियमित पेसागत सहयोग प्रदान गर्ने यो कार्यविधिको प्रमुख लक्ष्य हो । यसले विद्यालयको शैक्षिक

अवस्था, सिकाइ उपलब्धि तथा व्यवस्थापकीय पक्षहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरी सुधारका उपाय अवलम्बन गर्न सहयोग गर्दछ ।

शैक्षणिक स्रोत व्यक्ति परिचालनका मुख्य उद्देश्यहरू निम्नानुसार छन

१. शिक्षकको पेसागत क्षमता विकासका लागि निरन्तर मेंटरिंग, सहजीकरण तथा तालिम प्रदान गर्नु।
२. कक्षाकोठामा प्रयोग हुने शिक्षण विधि, सामग्री तथा मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउनु।
३. अपाङ्गता, लैङ्गिकता, भाषा तथा सामाजिक पृष्ठभूमिको आधारमा समावेशी र बालमैत्री शिक्षण पद्धतिको प्रवर्द्धन गर्नु।
४. विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अवस्थाको नियमित अनुगमन गरी सुधारका सुझाव दिनु।
५. विद्यार्थीको सिकाइ नतिजा विश्लेषण गरी आवश्यक सुधारात्मक कार्यक्रम सञ्चालनमा सहयोग गर्नु।
६. आधुनिक प्रविधिको प्रयोगमार्फत सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनु।
७. शिक्षकमा पेशागत उत्प्रेरणा, उत्तरदायित्व र प्रतिबद्धता अभिवृद्धि गर्नु।
८. पालिका स्तरमा बिभिन्न बिषयगत शिक्षकसमुह गठन गरी शिक्षण सिकाइमा आवश्यक सहयोग अदान प्रदान गर्नु ।

**४. शैक्षणिक स्रोत व्यक्ति परिचालनका अपेक्षित उपलब्धि**

- शिक्षकको योजना निर्माण, शिक्षण सीप, तथा मूल्याङ्कन क्षमतामा उल्लेखनीय सुधार भएको हुनेछ।
- कक्षाकोठा व्यवस्थापन तथा विद्यार्थी सहभागितामा वृद्धि भएको हुनेछ।
- नियमित, तथ्यपरक र विश्लेषणयुक्त अनुगमन प्रतिवेदन प्रणाली विकास भएको हुनेछ।
- विद्यार्थीको उपस्थिती, निरन्तरता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।
- विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
- प्रविधिमैत्री शिक्षण सिकाईको अभ्यासको विकास भएको हुनेछ।
- समावेशी, सुरक्षित र सम्मानजनक विद्यालय वातावरणको प्रवर्द्धन भएको हुनेछ।

**५. शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन सम्बन्धि ब्यवस्था**

५.१ शैक्षणिक स्रोत ब्यक्ति छनौट सम्बन्धि ब्यवस्था **शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका २०८२** ले तोके बमोजिम हुनेछ ।

५.२ शैक्षणिक स्रोत ब्यक्तिकालागि न्यूनतम योग्यता

- शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको।
- कम्तीमा १० वर्षको विद्यालय/क्याम्पसको शिक्षण वा शिक्षा कार्यक्रम संग सम्बद्ध प्रशिक्षणमा अनुभव भएको।
- शिक्षक तालिम तथा पेशागत विकास र सहयोग सम्बन्धि कार्यक्रममा अनुभव भएको।
- फिल्ड कार्य, विद्यालय भ्रमण तथा कक्षा अवलोकनमा रुचि र तत्परता भएको।
- समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको।
- विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको।
- कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको।
- प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको।
- नेतृत्व, सहकार्य तथा सकारात्मक सोच भएको।

**६. शैक्षणिक स्रोत व्यक्ति छनोट प्रक्रिया**

- कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ।
- अनलाइन तथा प्रत्यक्ष आवेदन संकलन गरिनेछ।
- आबेदनहरूको प्रारम्भिक मूल्याङ्कन गरी छोटो सूची तयार गरिनेछ।
- निर्देशिकाले तोके अनुसार लिखित परीक्षा सञ्चालन गरिनेछ।
- निर्देशिकाले तोके अनुसार अन्तर्वार्ता तथा प्रस्तुतीकरणको मूल्यांकन गरीनेछ।
- सफल उमेदवारको योग्यताक्रम अनुसार सूची प्रकाशन गरिनेछ।
- छनोट भएका उम्मेदवारसँग करार सम्झौता गरिनेछ।

**७. शैक्षणिक स्रोत व्यक्तिको कार्यविवरण देहाय बमोजिम हुनेछ।**

- नियमित रुपमा मासिक योजना बनाएर कम्तीमा १० विद्यालय भ्रमण गर्ने, कक्षा अवलोकन गर्ने तथा सोका आधारमा शिक्षकलाई कोचिंग र मेंटोरींग सहायता प्रदान गर्ने।
- विद्यालयमा शिक्षण–सिकाई सामग्री निर्माण तथा प्रयोग मार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने।
- विषयगत शिक्षक सिकाइ समूहको नियमित बैठक तथा अन्तरक्रिया प्रवर्द्धनका गतिविधिहरू योजनाबद्ध रूपमा संचालन गर्ने।
- डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालयमार्फत प्रवर्द्धन गर्ने।

...राज ओझा

- विद्यालयमा समावेशी मूल्य, मान्यता र संस्कृतिको विकास गर्न विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने ।
- विद्यालय सुधार योजना तथा स्थानीय स्तरको शिक्षा योजनामा समावेशी शिक्षा, समानता, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समावेश गर्न प्राविधिक सहयोग प्रदान गर्ने ।
- शैक्षणिक स्रोत ब्यक्तिले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै प्रतिबेदन बुझाउने ।
- स्थानिय तह, विद्यालय, स्रोत विद्यालय र सरोकार वाला बीच प्रभावकारी समन्वय तथा सूचना आदान–प्रदान गर्ने ।
- पालिका भित्रका उत्कृष्ट अभ्यासहरुलाई विद्यालयहरुबीच सिकाइ आदान–प्रदानको वातावरण निर्माण गर्ने ।
- विद्यालय सुधार योजनाको निर्माण तथा अध्यावधिक गर्न प्राविधिक सहयोग गर्नु।
- तालिम, गोष्ठी तथा कार्यशालामा स्रोत व्यक्ति तथा सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नु।

८. शैक्षणिक स्रोत व्यक्तिको करार अवधि १ वर्षको हुनेछ र वार्षिक मूल्याङ्कनका आधारमा करार नवीकरण गर्न सकिनेछ ।

९. शैक्षणिक स्रोत ब्यक्तिको नियमित अनुगमन, मूल्यांकन गरीनेछ । सोका लागि शिक्षा युबा तथा खेलकुद शाखा प्रमुखले बार्षिक कार्य सम्पादनका मूल्यांकन गर्नेछन । कार्यसम्पादन मूल्यांकनका लागि सूचक पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. शैक्षणिक स्रोत ब्यक्तिको सेवा सुविधा तथा करार सम्बन्धि ब्यवस्था देहाय बमोजिम हुनेछ स्थानीय तहको करार कानुन बमोजिम हुनेछ । सेवा सुविधा, जिम्मेवारी तथा कार्य अवधि सम्झौतामा स्पष्ट उल्लेख गरिनेछ।

| सि.नं. | विवरण | मासिक (रु) | वार्षिक (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक तलब | ४८,७३७ | ५,८४,८४४ | |
| २ | जीवन यापन भत्ता | ० | ० | |
| ३ | दुर्गम क्षेत्र भत्ता | ० | ० | |
| ४ | सञ्चार खर्च | ० | ० | |
| ५ | सामाजिक सुरक्षा कोष | ० | ० | |
| ६ | पोशाक भत्ता | — | १०,००० | |
| ७ | चाडपर्व भत्ता | — | ४८,७३७ | |
| | जम्मा रकम | ४८,७३७ | ६,४३,५८१ | |

राज ओझा

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## ११. विविध व्यवस्था

- यस कार्यविधिमा समेटिन नसकेका विषय स्थानीय तहको निर्णयअनुसार कार्यान्वयन गरिनेछ।
- आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सकिनेछ।
- शैक्षणिक स्रोत व्यक्तिले पेशागत आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने छ ।

## १२. बजेट तथा स्रोत व्यवस्थापन

शैक्षणिक स्रोत व्यक्ति परिचालनका लागि पालिकाले बजेट विनियोजन गर्ने छ । सोका लागि विकास साझेदार तथा परियोजनासँग सहकार्य गर्न सक्ने छ ।

## १३. परियोजना तथा साझेदारसँग समन्वय

बिभिन्न सरोकारवाला तथा शिक्षा परियोजनासँग सहकार्य गरीनेछ। अनुभव तथा सिकाइ आदानप्रदान गर्ने संयुक्त अनुगमन तथा मूल्याङ्कन मार्फत कार्यक्रमको गुणस्तर सुनिश्चित गरीने छ।

## १४. वाधा, अड्काउ फुकाउ

कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले सोको समाधान गर्नेछ। आवश्यकता अनुसार कार्यविधि परिमार्जन तथा संशोधन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ।

## १५. पुनरावलोकन र अद्यावधिक व्यवस्था

- नगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्यावधिक तथा परिमार्जन गर्नेछ ।
- स्थानीय शिक्षा समितिले आवश्यकता अनुसार यो कार्यविधि संग सम्बन्धित अनुसूचीहरु तयार गरी कार्यपालिकाको स्वीकृतिमा लागु गर्न सक्ने छ । यस्ता अनुसूचीहरु स्वतः यो कार्यविधिको अङ्ग हुनेछन ।
- यो कार्यविधि आवश्यकता अनुसार परिमार्जन र शंशोधन गर्न सम्पूर्ण अधिकार कार्यपालिकामा रहनेछ ।

हेमराज ओझा
नगर प्रमुख

प्रमाणित गर्ने

नगर प्रमुख

नाम: हेमराज ओझा

मिति: ......................

हेमराज ओझा
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

नाम: ......................

मिति: ......................

खगेन्द्र प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत

शिक्षा शाखा प्रमुख

नाम: अनिता धुला

मिति: २०८२।१।२।२०

हेमराज ओझा
नगर प्रमुख

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुतरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

# शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका, २०८२

शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयको विद्यालय सुपरिवेक्षण तथा सहायता निर्देशिका २०८०, कृष्णपुर नगरपालिका कञ्चनपुरको शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि २०८२ बमोजिम विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइको केन्द्रको रुपमा विकास गर्न, विद्यार्थीको सिकाई सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी शिक्षक शिक्षा सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका तयार गरिएकोछ ।

**छनोट समिति सम्बन्धि व्यवस्थाः** शैक्षणिक स्रोत व्यक्ति छनोटको लागि देहाय बमोजिमको तीन सदस्यीय छनोट समिति हुनेछ। उक्त समितिले शैक्षणिक स्रोत व्यक्ति छनोटको सम्पुर्ण प्रक्रिया सम्पन्न गर्नेछ।

१. सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सम्बन्धित पालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख (बिषय बिज्ञ)- सदस्य
३. टेक्सेस परियोजनाको प्रतिनिधि (बिषय बिज्ञ)- सदस्य

**शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरू देहाय बमोजिम हुनेछन ।**

## १.शैक्षणिक स्रोत व्यक्ति छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ।

| | |
|---|---|
| छोटो सूची वापतः | २५ |
| लिखित परिक्षा वापत : | ५० |
| अन्तरवार्ता वापतः | २५ |
| **जम्मा** | १०० |

## २.छोटो सूची सम्बन्धी व्यवस्थाः २५

दर्ता हुन आएका आवेदनहरु न्यूनतम शैक्षिक योग्यताको प्रासाङ्क प्रतिशत २५/१०० बमोजिमको समितिले अंक गणना गरी वर्णानुक्रम अनुसार छोटो सूची प्रकाशन गर्नेछ ।छोटोसूचीकरणका लागि अंक गणना गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रासाङ्क प्रतिशत वापत- २५ अङ्क,

(ख) तोकिएको भन्दा माथिल्लो शैक्षिक योग्यता वापत -५अङ्क

(ग) नेपाल सरकारद्वारा सञ्चालित शिक्षा सम्वन्धि कार्यक्रम वा शिक्षकको क्षमता अभिवृद्धि वा सोही प्रकृतिको काम गरेको अनुभव वापत प्रति वर्ष २ अङ्कका दरले अधिकतम-१०अङ्क

(घ) महिला वा दलित वा अपाङ्गता-५ अङ्क

(ङ) उम्मेदवारको स्थायी बसोबास क्षेत्रको स्थानका आधारमा-५

(अ) सम्बन्धित जिल्लाको स्थायी बासिन्दा- ५ अङ्क

(आ) सुदूरपश्चिम प्रदेशको स्थायी बासिन्दा- ३ अङ्क

(इ) अन्य प्रदेशको स्थायी बासिन्दा- १ अङ्क

अंक गणना गर्दा ४५ (पैंतालीस) प्रतिशत अंक प्राप्त गर्ने सबै उम्मेदवारलाई छोटो सूचीमा सूचीकरण गरिनेछ। उम्मेदवारको छोटो सूची सूचीकरण गर्दा वर्णानुक्रम अनुसार नामावली प्रकाशन गरिनेछ।

## ३.लिखित परिक्षाका लागि समावेश गर्नुपर्ने मुख्य विषयवस्तुहरू (नेपालीमा): ५०

**शिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरू (१०)**

- नेपालको शिक्षा ऐन, नियमावली, बिद्यालय शिक्षा क्षेत्र योजना र शिक्षक सेवा सम्बन्धी नीति
- शिक्षाका अन्तर्राष्ट्रिय अभ्यासहरू (SDG-४, Inclusive Education, आदि)

**विद्यालयहरूको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष (१०)**

- विद्यालयको भौतिक पूर्वाधार (कक्षाकोठा, शौचालय, पिउनेपानी, ICT)
- विद्यालयको शैक्षिक वातावरण (शिक्षण सिकाइ प्रक्रिया, पठनपाठन सामग्री)
- विद्यालय व्यवस्थापन समिति (SMC), PTA, SIP (School Improvement Plan)
- पारदर्शी व्यवस्थापन र EMIS प्रणाली

**शिक्षकको पेशागत विकास (Teacher Professional Development) (१०)**

- निरन्तर पेशागत विकास (TPD) का सिद्धान्त र अभ्यास
- शिक्षक तालिमका ढाँचा (प्रि–सर्भिस र इन–सर्भिस)
- शिक्षक मूल्यांकन प्रणाली
- शिक्षकको मनोबल वृद्धि र उत्प्रेरणा प्रवर्द्धन गर्ने उपायहरू

**तालिमसम्बन्धी ज्ञान (१०)**

- शिक्षक तालीमका उद्देश्य र महत्त्व
- प्रभावकारी तालीमको विशेषता
- सिकाइको मूल्याङ्कन विधिहरू
- अभ्यासमूलक (practical) तालिम र कक्षा प्रयोगशाला

**कक्षाकोठाका समस्या तथा समाधान उपायहरू (५)**

- विद्यार्थी अनुशासन, उपस्थितिको समस्या

ओझा

- सिकाइमा विविधता (learning difficulties, disabilities)
- द्विभाषिक शिक्षण समस्या
- कक्षा व्यवस्थापनमा ICT वा स्थानीय स्रोतको प्रयोग

मेंटोरिङ (Mentoring) र कोचिङ (Coaching) (५)

- शिक्षकलाई व्यक्तिगत रूपमा सहयोग गर्न Mentoring को भूमिका
- कोचिङ विधिहरू: classroom observation, feedback
- पेडागोजिकल रिसोर्स पर्सन (PRP) वा शिक्षक प्रशिक्षकको भूमिका

## ३.अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था: २५

<u>अन्तर्वार्ता सम्बन्धी व्यवस्था:</u>

छोटो सूचीमा सूचीकरण भएका र <u>लिखित परिक्षामा पास भएका</u> उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ। अन्तरवार्ता २५ पूर्णाङ्कको हुनेछ।

(१) अन्तरवार्ता समितिका सदस्यले अन्तरवार्तामा उम्मेदवारलाई न्यूनतम ४० (चालीस) प्रतिशत र अधिकतम ७०(सत्तरी) प्रतिशतको सीमा भित्ररही अङ्क प्रदान गर्नु पर्नेछ। यो सीमा भन्दा कम वा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ।

(२) समितिका सदस्यहरूले दिएको औषत अङ्कलाई उम्मेदवारले प्राप्त गरेको अङ्क मानिनेछ।

(३) अन्तरबार्ता समस्या समाधान सम्बन्धि बिषयमा केन्द्रित हुनेछ। सम्बन्धित उम्मेदवारले पाएको बिषयमा प्रस्तुतीकरण कम्प्युटरमा बनाई प्रस्तुत गर्नु पर्नेछ।

(४) अन्तरबार्ताको निर्धारित प्रश्न र थप प्रश्न समिति सदस्यहरुले सोध्न सक्नेछन ।

## ४. अन्तिम योग्यताक्रम प्रकाशन गर्ने:

(१) उम्मेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा समितिले अन्तिम योग्यताक्रम निर्धारण गरी सफल उम्मेदवारको नामावली सिफारिस गर्नेछ।

(२) योग्यताक्रम अनुसार छनौट भएका सफल उम्मेदवारहरूको अन्तिम नामावली सूचना पाटी र वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) अन्तिम नामावली प्रकाशन गर्दा विज्ञापन बमोजिम वैकल्पिक उम्मेदवारको नामावली समेत प्रकाशन गर्नुपर्नेछ।

(४) अन्तिम योग्यता सूचीमा पर्न सफल उम्मेदवारलाई कार्यालयले जानकारीको लागि सूचना गर्नु पर्नेछ।

(५) करार सम्झौता गर्दा करार सेवा सुरू र अन्त्य हुने मिति सेवा सुबिधा, कार्यबिबरण समेत उल्लेख गर्नु पर्नेछ।

हेमराज ओझा
प्रमुख

## शैक्षणिक स्रोत व्यक्तिको (PRP) भूमिका तथा जिम्मेवारी

पदः शैक्षणिक स्रोत व्यक्ति (PRP)

कार्य क्षेत्रः कृष्णपुर नगरपालिका

पद श्रेणीः माध्यमिक तह (द्वितीय)

अवधिः - करार अवधी १ बर्षको हुने र कार्यसम्पादनका आधारमा करार म्याद थप गर्न सकिने छ ।

### १. पृष्ठभूमि

TECSES परियोजना नेपालमा शिक्षक तालिमको गुणस्तर र नीतिगत तथा व्यवहारिक दुवै तहमा सुधार गर्न लक्षित छ । यसले MoEST तथा यसको सम्बन्धित निकायहरू; तालिम केन्द्र मार्फत सेवाकालीन तालिम र विश्वविद्यालयहरू मार्फत पूर्व सेवाकालीन शिक्षक शिक्षा प्रवर्द्धन गर्न सहयोग गर्छ। यो परियोजना फिनल्याण्ड र युरोपियन युनियन (EU) को आर्थिक सहयोगमा नेपाल सरकार द्वारा संचालित द्विपक्षीय परियोजना हो । यो परियोजना २०२४ मा सुरू भई २०२९ सम्म (पाँच वर्ष) कार्यान्वयन हुनेछ ।

शैक्षणिक स्रोत व्यक्ति (PRP), TECSES अन्तर्गत शिक्षक तालिमका पाठ्यक्रम तथा सामग्रीको प्रयोग, शिक्षक सहायता कार्यक्रम, अध्ययन भ्रमण, शैक्षिक अनुसन्धान, अनलाइन सहायता लगायतका कार्यहरूको पालिका स्तरमा दिगो कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहन्छ।

<u>प्रतिवेदनः</u> स्थानीय शिक्षा शाखा प्रमुखलाई/ प्रमुख प्रशासकीय अधिकृत

<u>सम्बन्ध तथा समन्वयः</u> स्थानीय शिक्षा इकाइ (LEU), विद्यालयहरू, बालिका तथा समावेशी शिक्षा सञ्जाल (GIEN), शिक्षा समिति तथा अन्य सरोकारवालाहरू।

### २. भूमिका तथा जिम्मेवारी

i. शिक्षण—सिकाई सहयोग (५०%)

नियमित रुपमा मासिक योजना बनाएर कम्तीमा १० विद्यालय भ्रमण गर्ने, कक्षा अवलोकन गर्ने तथा सोका आधारमा शिक्षकलाई coaching र mentoring प्रदान गर्ने। शिक्षकलाई प्रभावकारी शिक्षण—सिकाई सुनिश्चित गर्न पाठ योजना निर्माण, शिक्षक निर्देशिकाको प्रयोग, बाल—केन्द्रित, उपचारात्मक तथा बहु—कक्षा शिक्षण विधि अपनाउन सहयोग गर्ने साथै विद्यालयमा शिक्षण—सिकाई सामग्री निर्माण तथा प्रयोगमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रत्यक्ष

प्राविधिक सहायता दिनेछ। डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालयमार्फत प्रवर्द्धन गर्नेछ।

ii. शिक्षा योजना (१५%)

विद्यालय सुधार योजना तथा स्थानीय स्तरको शिक्षा योजनामा समावेशी शिक्षा, समानता, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समावेश गर्न प्राविधिक सहयोग प्रदान गर्ने । शिक्षक सिकाइ समूह (Teachers Self Learning Group ) नियमित अन्तरक्रिया गर्ने तथा Community of Practice प्रवर्द्धनका गतिविधिहरू पनि योजनाबद्ध रूपमा गर्न सहयोग गर्ने ।

iii. समता तथा समावेशी वातावरण (१५%)

विद्यालयमा समावेशी मूल्य, मान्यता र संस्कृतिको विकास गर्न विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने । प्रारम्भिक पहिचान (early screening), व्यक्तिगत सिकाइ योजना (IEP) निर्माण र विद्यालयको referral system सुदृढ गर्न सहयोग गर्ने । विविध पृष्ठभूमि तथा विशेष गरि अपाङ्गता भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बहु–प्रविधिमा आधारित समावेशी शिक्षण–सामग्री विकासमा सहयोग गर्ने । सिकाइको विश्वव्यापी ढाँचा (UDL) अनुरूप शिक्षण अभ्यास कार्यान्वयनमा शिक्षकलाई मार्गदर्शन साथै, स्थानीय तहमा GIEN (Girls and Inclusive Education Network) गठन/पुनर्गठन तथा क्षमता विकासमा सहयोग गर्ने ।

iv. प्रतिबेदन तथा अभिलेखीकरण (१०%)

PRP ले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै पालिका र TECSES परियोजनालाई बुझाउनेछ। परियोजनासँग सम्बन्धित कार्यहरू व्यवस्थित रूपमा अभिलेख राखी आवश्यक अद्यावधिक विवरण उपलब्ध गराउने जिम्मेवारी रहनेछ।

v. समन्वय तथा संचार (१०%)

स्थानिय तह, विद्यालय, स्रोत विद्यालय र TECSES परियोजनाबीच प्रभावकारी समन्वय तथा सूचना आदान–प्रदान सुनिश्चित गर्ने, पालिकाभित्रका उत्कृष्ट अभ्यास भएका विद्यालयहरुबीच सिकाइ आदान–प्रदानको वातावरण निर्माण गर्ने, नगरपालिका/गाउँपालिकामा तथा विद्यालयहरूमा TECSES परियोजनाका क्रियाकलाप सफलतापूर्वक सञ्चालन गर्न आवश्यक सहजीकरण, संचार तथा कार्यान्वयनमा सहयोग प्रदान गर्ने।

३. शैक्षिक योग्यता तथा अनुभव

i. शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको।
ii. कम्तीमा १० वर्षको विद्यालय/क्याम्पसको शिक्षण वा शिक्षा कार्यक्रम संग सम्बद्ध प्रशिक्षण अनुभव भएको।
iii. शिक्षक तालिम तथा पेशागत विकास र सहयोग सम्बन्धि कार्यक्रममा अनुभव भएको।
iv. फिल्ड कार्य, विद्यालय भ्रमणमा तथा कक्षा अवलोकनमा रुचि र तत्परता भएको।
v. समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको ।
vi. विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको।
vii. कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको ।
viii. प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको।
ix. नेतृत्व, सहकार्य तथा सकारात्मक सोच भएको।

# कृष्णपुर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## गुलरिया, कञ्चनपुर
## सुदुरपश्चिम प्रदेश, नेपाल

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

**करार कार्मचारीको खुल्ला प्रतिस्पर्धाका लागि दरखास्त फारम**

| | | | |
|---|---|---|---|
| **नगरपालिकाको प्रयोजनका लागि** | **दरखास्त दर्ता नं :** | **विज्ञापन नं :** | **रोल नं :** |
| | **दर्ता मितिः** | **परिक्षा केन्द्रः** | |

(क) वैयक्तिक विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: | |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : | |
| स्थायी ठेगाना | क) जिल्ला | ख)म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. : | | ग) वडा नं : | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. : | |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल : | |
| बाबुको नाम, थर : | | जन्ममितिः(वि.सं.मा)<br>(ईस्वि संवतमा) | | | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/ प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| तालिम | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मिति: |

| कार्यालयले भर्ने: | | |
|---|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र<br>दस्तखत:<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको<br>दस्तखत:<br>मिति : | कार्यालयको छाप |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि, आदि ।

कृष्णपुर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर

**प्रवेश-पत्र**

परीक्षार्थीले भर्ने :

क) नाम थर :...............................

ख) विज्ञापन नं :........................

ग) पद :.............................

घ) तह...........................

ङ) श्रेणी :.....................

च) परीक्षा केन्द्र :...........................

छ) जिल्ला :...........................

ज) सेवा/समुह :..........................

हालसाले खिचेको पासपोर्ट साइजको पुरैअनुहार देखिने तस्वीर टाँसी तस्वीर र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने ।

परीक्षार्थीको दस्तखत नमुना :..................................

नगरपालिकाको सम्बन्धित कर्मचारिले भर्ने :

पदपुर्ती समितिबाट मिति.......................................... मा लिइने परीक्षामा तपाईलाइ निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जनसुकै अवस्थामा पनि अनुमति-पत्र रद्ध हुनेछ ।

परीक्षा केन्द्र :............................ रो.न :......................... अधिकृतको दस्तखत :.....................

**परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियम :**

१.परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउदा प्रवेशपत्र साथमा ल्याउनु पर्ने छ । प्रवेश पत्र विना कुनैपनि परीक्षार्थीलाई परीक्षामा बस्न दिइने छैन ।
२.परीक्षाको नतिजा प्रकाशित भए पछि अन्तर्वार्तामा पनि प्रवेश पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।
३.परीक्षा शुरु हुनु भन्दा १५ मीनेट अगाडी सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्न दिइनेछ । परीक्षा शुरु भएको ३० मीनेट भन्दा पछि आउने परीक्षार्थीले परीक्षामा बस्न पाउने छैन ।
४.परीक्षा शुरु भएको १ घण्टा व्यतित नभए सम्म कुनै पनि परीक्षार्थीले परीक्षा भवनबाट बाहिर जान पाउने छैन ।
५.परीक्षा भवनम किताव,कापी कागज, चिट आदिकुनै पनि सन्दर्भ सामाग्री ल्याउन पाइने छैन । परीक्षार्थीले एक आपसमा कुराकानी गर्न र संकेत गर्न पाइने छैन तथा आफुलाइ चिनाउने कुनै पनि संकेत उत्तरपुस्तिकामा लेख्न पाउने छैन ।
६.परीक्षार्थीले परीक्षा भवनमा अनुचित काम गरेमा परीक्षा भवनबाट निष्काशन गरी शिक्षक सेवा आयोगको नियमावली र परीक्षा एवंम् सिफारिस सम्बन्धि निर्देशिका अनुसार तुरुन्तै केन्द्राध्यक्षले कारवाही गर्न सक्ने छ ।

७.सरुवा रोग लागेको परीक्षार्थीले परीक्षा शुरु हुन अगावै केन्द्राध्यक्षलाइ लिखित रुपमा जानकारी दिनुपर्नेछ । केन्द्रध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्नेछ ।

८.परीक्षार्थीको नाममा चिट्ठी, फोन, बीमा आदि केही चीज आइपुगेमा सो परीक्षार्थीले उत्तरपुस्तिका नबुझाएसम्म सो लिन दिन पाउने छैन । परीक्षामा सिसाकलमको प्रयोग गर्न पाउने छैन ।

९. परीक्षार्थीले आफुले परीक्षा दिएको दिनमा आफ्नो हाजिर गर्न छुट भएको भए तुरुन्त खबर गरी हाजिर गर्नु पर्दछ ।

१०. परीक्षा विद्यालयको विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रमअनुसार हुनेछ ।

११. परीक्षा भवन भित्र हो-हल्ला गर्न पाइने छैन । कुनै उम्मेदवारले प्रश्नपत्रमा अस्पष्ट अक्षर भएमा सोध्नु पर्दा पनि अनुशासित तरीकाले उठी अरुलाई बाधा नपर्ने गरी सोध्नु पर्नेछ ।

१२. अन्य कुराको हकमा पदपुर्ती समितिको निर्णयानुसार हुनेछ ।